नेपाल सरकार
अर्थ मन्त्रालय
सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ, नेपाल ।
प्रकाशित मितिः २०८१/०१/१६

## २०८१ वैशाख १८ गते बोलकबोल मार्फत विकास ऋणपत्र २०८९ "ग" (८ वर्षे) बिक्री गरिने सम्बन्धी सूचना !!!

नेपाल सरकार सार्वजनिक ऋण व्यवस्थापन कार्यालयद्वारा देहायका विशेषता, प्रक्रिया एवं शर्तहरु सहित ८ वर्षे अवधिको विकास ऋणपत्र २०८९ "ग" बोलकबोल प्रक्रियाद्वारा निष्काशन गरिने भएको हुँदा उक्त ऋणपत्र खरिद गर्न इच्छुक बैंक तथा वित्तीय संस्था, गैर-बैंक वित्तीय संस्था, बीमा कम्पनी, संगठित संस्था तथा नेपाली नागरिकले तल उल्लिखित मिति र समयभित्र बोलकबोल पेश गर्न हुन अनुरोध छः

१. विशेषताहरु

| | | |
|---|---|---|
| क) ऋणपत्रको नाम | : | विकास ऋणपत्र २०८९ "ग" (८ वर्षे)। |
| ख) निष्काशन हुने रकम | : | रु ५०० करोड (पाँच अर्ब मात्र)। |
| ग) ब्याज दर | : | बोलकबोलको माध्यमबाट निर्धारण हुने। |
| घ) खरिदकर्ता | : | बैंक तथा वित्तीय संस्था, गैर-बैंक वित्तीय संस्था, बीमा कम्पनी, संगठित संस्था तथा नेपाली नागरिक। |
| ङ) धितोको रुपमा प्रयोग हुने | : | विकास ऋणपत्र धितो राखी कर्जा लिन / दिन पाइने। |

२. बोलकबोल, निष्काशन, साँवा तथा ब्याज भुक्तानी

| | | |
|---|---|---|
| क) बोलकबोल मिति र समय | : | २०८१ वैशाख १८ गतेका दिन विहान १०:०० देखि अपरान्ह ३:०० बजे सम्म बोलकबोल हुने । ऋणपत्र खरिद गर्न चाहनेले उक्त समयभित्र यस कार्यालयको DOMS प्रणालीको URL https://10.112.112.16:7036/csd/MainTree.do र नेपाल राष्ट्र बैंकको **OBSS** प्रणालीको URL https://obss.nrb.org.np/pd बाट समानान्तर रूपमा बोलकबोल पेश गर्नु पर्नेछ। यस कार्यालयको DOMS प्रणाली र नेपाल राष्ट्र बैंकको OBBS प्रणालीमा बोलदाताले |

०८१।१।१६

प्रविष्ट गरिएको विवरण फरक परेमा DOMS प्रणालीमा भएको विवरण मान्यता दिइनेछ।

ख) निष्कासन मिति : २०८१ वैशाख २० गते ।

ग) साँवा भुक्तानी : २०८९ वैशाख २० गते ।

घ) ब्याज भुक्तानी : अर्धवार्षिक रूपमा हुने र आर्जित ब्याजमा ब्याजकर लाग्ने र ब्याज कर बुझाउने दायित्व सम्बन्धित धनीको हुनेछ ।

३. प्रतिस्पर्धी तथा अपतिस्पर्धी बोलकबोल

क) सहभागिता : इच्छुक खरिदकर्ता प्रतिस्पर्धी वा अप्रतिस्पर्धी रुपमा सहभागी हुनसक्ने ।

ख) छुट्याइएको रकम : प्रतिस्पर्धी वा अप्रतिस्पर्धी बोलदाताहरुलाई क्रमशः निष्काशित रकमको ८५ र १५ प्रतिशत अथात् रु. ४२५ करोड र रु. ७५ करोड छट्याइएको छ।
अप्रतिस्पर्धी बोलदाताहरुलाई छट्याइएको रकमको लागि पूरा बोल प्राप्त नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी बोलदाताहरुलाई बिक्री गरिने छ। अप्रतिस्पर्धी बोलदाताहरुलाई छुटयाइएको रकमभन्दा बढी रकमको बोल प्राप्त हुन आएमा बोलदाताहरुलाई समानुपातिक रुपमा उक्त ऋणपत्रको रकम बाँडफाँट गरिने छ।

ग) ब्याजदर र बाँडफाँड : बोलदाताले कबोल गरेको ब्याजदरलाई सानोदेखि ठूलो क्रममा मिलाएर राखी बाँडफाँट गरिने रकमसम्ममा कायम भएको Cut-Off ब्याजदरलाई एकल ब्याजदर कायम गरी सो ब्याजदर र सो ब्याजदरभन्दा तलका सबै बोलदाताहरुलाई सोही एकल ब्याजदरमा ऋणपत्र उपलब्ध गराइने छ।

४. शर्तहरु

क) खरिद गर्न पाउने सीमा

घटीमा रु. पाँच लाख र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई रु. पाँच लाखले भाग गर्दा निःशेष भाग जाने अंकमा।

ख) यो ऋणपत्र खरिदका लागि व्यक्ति तथा संस्थाले बोलकबोल प्रक्रियाअन्तर्गत प्रतिस्पर्धी वा अप्रतिस्पर्धी मध्ये कुनै एक बोलदाताको रुपमा मात्र भाग लिन सक्नेछन्। नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले अप्रतिस्पर्धीको रुपमा भाग लिन पाउने छैनन् ।

ग) प्रतिस्पर्धी बोलदाताले खरिद गर्न चाहेको रकम र कबोल गर्न चाहेको ब्याजदर (दशमलव पछाडि दुई अंकसम्म मात्र) उल्लेख गर्नु पर्नेछ। इच्छुक बोलदाताले बहु-ब्याजदरमा समेत बोल गर्न सक्नेछन्।

घ) अप्रतिस्पर्धी बोलदाताले खरिद गर्न चाहेको रकममात्र उल्लेख गर्नु पर्नेछ। प्रतिस्पर्धी बोलकबोलवाट निर्धारित एकल ब्याजदरमा अप्रतिस्पर्धी बोलदातालाई उक्त ऋणपत्र बाँडफाँट गरिनेछ ।

ङ) नेपाल राष्ट्र बैंकमा खाता नभएका बोलदाताहरुले आफूले खरिद गर्न चाहेको रकमको २.५० प्रतिशतले हुने बोलकबोल धरौटी (अर्नेष्ट मनी) बापतको रकम नेपाल राष्ट्र बैंकमा रहेको विकास ऋणपत्र आवेदन खाता (खाता नं. १२००००/०१५-११५-५२४) मा जम्मा गरेको सक्कल भौचर यस कार्यालयमा २०८१ वैशाख १८ गते दिनको ३:०० बजेभित्र पेश गर्नु पर्नेछ ।

च) नेपाल राष्ट्र बैंकमा खाता भएका बोलदाताहरुले उक्त बोलकबोल धरौटी (अर्नेष्ट मनी) वापतको रकम आ-आफ्नो खातामा मौज्दात कायम गर्नु पर्नेछ।

छ) व्यक्तिले बोलकबोलमा भाग लिएमा, अर्नेष्ट मनी जम्मा गरेको सक्कल भौचर र नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

ज) नेपाल राष्ट्र बैंकमा खाता नहुने सफल बोलदाताले निष्कासन मिति २०८१ वैशाख २० गते मध्यान्ह ३:०० बजेभित्र नेपाल राष्ट्र बैंक मा रहेको विकास ऋणपत्र आवेदन खाता (खाता नं. १२००००/०१५-११५-५२४) मा बाँकी रकम जम्मा गरेको भौचर यस कार्यालयमा पेश गर्नु पर्नेछ। उक्त समयभित्र आवश्यक रकम दाखिला नगरेमा अर्नेष्ट मनी बापतको रकम जफत हुनेछ ।

झ) अस्वीकृत बोलदाताहरुको अर्नेष्ट मनी बापतको रकम ऋणपत्र बाँडफाँट सम्बन्धी निणय भएको मितिले ७ दिनभित्र बिना ब्याज फिर्ता हुनेछ ।

ञ) प्राप्त बोल आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार ऋणपत्र निष्कासन तथा सञ्चालन समितिलाई हुनेछ।

ट) यस ऋणपत्रको दोस्रो बजार कारोबार नेपाल स्टक एक्सचेन्ज मार्फत हुनेछ ।

ठ) अन्य थप जानकारीका लागि यस कार्यालयको फोन नं. ०१-४५३८३५९ वा इमेल internaldebt@pdmo.gov.np मा सम्पर्क राख्न हुन अनुरोध छ।

०८१।०१।१६